विधेयकमा प्राप्त संशोधनका सूचनाहरूको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८३

संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमअनुसार)

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
१.	मा. इन्दिरा राना
२.	मा. हर्क राज राई मा. आरेन राई
३.	मा. रेनुका काउँचा मा. पवित्रा बि.क. मा. मदन कृष्ण श्रेष्ठ मा. डा. प्रमिला कुमारी गछदार
४.	मा. मनमाया विश्वकर्मा
५.	मा. गीता गुरुङ
६.	मा. सन्दीप राना मा. सुशीला ढकाल (आचार्य) मा. गीता कुमारी सेन्दाङ
७.	मा. सुलभ खरेल

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
८.	मा. गणेश बहादुर विश्वकर्मा
९.	मा. पार्वती वि.क. मा. भीम कुमारी बुढामगर मा. निराशा चौधरी (डगौरा)
१०.	मा. लिमा अधिकारी (आचार्य)
११.	मा. प्रकाश चन्द्र परियार
१२.	मा. गंगादेवी श्रेष्ठ
१३.	मा. निशा डाँगी
१४.	मा. भरत प्रसाद पराजुली
१५.	मा. सुम्नीमा उदास
१६.	मा. मनिष झा
१७.	मा. साजिदा खातुन सिद्धिकी
१८.	मा. ऐन बहादुर महर
१९.	मा. एशुदा कुमारी बराल
२०.	अस्वीकृत
२१.	मा. सुशील खड्का

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
२२.	मा. नितिमा भण्डारी (कार्की)
२३.	मा. पद्मा कुमारी अर्याल
२४.	मा. मनिष खनाल
२५.	मा. भुमिका श्रेष्ठ
२६.	मा. गणेश कार्की
२७.	मा. समिक्षा बास्कोटा
२८.	मा. रमेश कुमार मल्ल

संशोधनको विवरणः

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
१.	मा. सन्दीप राना मा. सुशीला ढकाल (आचार्य) मा. गीता कुमारी सेन्दाङ	प्रस्तावना	**प्रस्तावनामा देहायका शब्दहरू थप गर्नुपर्नेः-** - "मानव बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्तिको गरिमा, मानव अधिकार, सुरक्षा, न्यायमा पहुँच, पुनर्स्थापना तथा प्रभावकारी उपचारको अधिकार सुनिश्चित गर्न"।
२.	मा. सुशील खड्का	२	**मूल ऐनको दफा १ को उपदफा (३) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः-** "(३) यो ऐन नेपालभर लागु हुनेछ र नेपालबाहिर बसी नेपाली नागरिक विरुद्ध यस ऐन बमोजिमको कसुर गर्ने जुनसुकै व्यक्तिको हकमा यस ऐन लागु हुने व्यवस्था रहेकोमा नेपालबाहिर बसी जुनसुकै व्यक्ति विरुद्ध यस ऐन बमोजिमको कसुर गर्ने नेपाली नागरिकको हकमा समेत यो ऐन लागु हुने व्यवस्था गरिएको छ। तर कुनै विदेशी नागरिकले नेपालभित्र बसी यस किसिमको कसुर गरेमा निजलाई पनि कारबाही गरिनुपर्ने व्यवस्था छुटेको।"
३.	मा. नितिमा भण्डारी (कार्की)		
४.	मा. इन्दिरा राना	३	**मूल ऐनको दफा २ को खण्ड (ङ) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ङ) मा रहेको,** - "वेश्यावृत्तिमा" भन्ने शब्दको सट्टा "जबर्जस्ती यौन व्यवसायमा" भन्ने शब्दहरू राख्नुपर्ने।
५.	मा. मनमाया विश्वकर्मा	३	**मूल ऐनको दफा २ को खण्ड (ङ) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ङ) मा रहेको,** - "वेश्यावृत्ति" भन्ने शब्दको सट्टा "देहव्यापार" भन्ने शब्द राख्नुपर्ने।
६.	मा. गीता गुरुङ	३	**मूल ऐनको दफा २ को खण्ड (ङ) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ङ) मा रहेका,** - "वेश्यावृत्तिमा लगाउने" भन्ने शब्दहरूका सट्टा "देहव्यापारमा लगाउने" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			<u>मूल ऐनको दफा २ को खण्ड (ङ) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ङ१) मा रहेका,</u> - "स्थानीय समिति" भन्ने शब्दहरूका सट्टा "पालिका स्तरीय समिति" भन्ने शब्दहरू राख्नुपर्ने।
७.	मा. गणेश बहादुर विश्वकर्मा	३	**<u>मूल ऐनको दफा २ को खण्ड (ङ) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्नुपर्ने</u>:-** "(ङ) "शोषण" भन्नाले दास तुल्याउने, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाँधा बनाउने कार्य, बाँधा श्रममा लगाउने, यौन शोषण गर्ने वा गराउने कार्य, श्रम शोषण वा प्रचलित कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने वा मानव तन्तुको बेचबिखन वा जबरजस्ती श्रममा लगाउने कार्य सम्झनुपर्छ।" **<u>मूल ऐनको दफा २ को खण्ड (ङ) पछि देहायको खण्ड (च) थप्नुपर्ने</u>:-** "(च) "बाध्यकारी श्रम" भन्नाले कुनै व्यक्तिलाई आक्रमण, धम्की, कैद, वा अन्य मानसिक वा शारीरिक स्वतन्त्रतालाई अनुचित रूपमा बन्धन गर्ने साधनहरू प्रयोग गरी श्रमिकको स्वतन्त्र इच्छाविपरीत श्रममा बाध्य पार्ने सम्झनुपर्छ।"
८.	मा. पार्वती वि.क. मा. भीम कुमारी बुढामगर मा. निराशा चौधरी (डगौरा)	३	**<u>मूल ऐनको दफा २ को खण्ड (ङ) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ङ) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "बालबालिका माथि हुने जबरजस्ती श्रम शोषण"
९.	मा. लिमा अधिकारी (आचार्य)	३	**<u>मूल ऐनको दफा २ को खण्ड (ङ) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ङ) मा रहेका,</u>** - "वेश्यावृत्ति लगाउने" भन्ने शब्दहरूका सट्टा "यौनजन्य क्रियाकलापमा लगाउने" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्ने</u>:-**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			"(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः- "(ग) "पीडित" भन्नाले बेचिएको, ओसारपसार गरिएको वा यौनजन्य क्रियाकलापमा लगाइएको व्यक्ति सम्झनुपर्छ।"
१०.	मा. प्रकाश चन्द्र परियार	३	**<u>मूल ऐनको दफा २ को खण्ड (ख) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ख१) मा रहेका,</u>** - "जिल्ला समिति" भन्ने शब्दहरूका सट्टा "स्थानीय समिति" भन्ने शब्दहरू राखुपर्ने।
११.	मा. गंगादेवी श्रेष्ठ	३	**<u>मूल ऐनको दफा २ को खण्ड (ङ) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ङ) मा रहेका,</u>** - "वेश्यावृत्तिमा लगाउने" भन्ने शब्दहरूका सट्टा "कुनै पनि लाभको लागि यौनजन्य क्रियाकलापमा संलग्न गराउने कार्य" भन्ने शब्दहरू राखुपर्ने।
१२.	मा. निशा डाँगी	३	**<u>मूल ऐनको दफा २ को खण्ड (ङ) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ङ१) पछि देहायको खण्ड (ङ२) थप गर्नुपर्ने</u>:-** "(ङ२) "विद्युतीय माध्यमबाट मानव बेचबिखन वा ओसारपसार" भन्नाले सूचना प्रविधि, विद्युतीय सञ्चार, सामाजिक सञ्जाल, अनलाइन प्लेटफर्म वा अन्य कुनै विद्युतीय माध्यमको प्रयोग गरी मानव बेचबिखन वा ओसारपसारको उद्देश्यले कुनै व्यक्तिलाई भर्ती गर्ने, प्रलोभनमा पार्ने, झुक्याउने, सम्पर्क स्थापित गर्ने, स्थानान्तरण गर्ने व्यवस्था मिलाउने वा अन्य कुनै रूपमा सहयोग गर्ने कार्य सम्झनुपर्छ।"
१३.	मा. मनिष झा	३	**<u>मूल ऐनको दफा २ को खण्ड (ङ) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ङ) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "जबरजस्ती भिक्षावृत्तिमा लगाउने, जबरजस्ती आपराधिक कार्यमा संलग्न गराउने वा अन्य कानुनबमोजिम शोषणको रूपमा मानिने कार्यसमेत।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
१४.	मा. सुशील खड्का	३	**<u>मूल ऐनको दफा २ को खण्ड (ङ) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्नुपर्ने</u>:-** "(ङ) "शोषण" भन्नाले दास वा बाँधा बनाउने वा त्यस्तो हैसियतमा राख्ने, वेश्यावृत्तिमा लगाउने, विद्युतीय वा अन्य कुनै माध्यम प्रयोग गरी वा नगरी यौन शोषण गर्ने, प्रचलित कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने, जबरजस्ती श्रममा लगाउने, झुक्याई विवाह गराउने वा झुक्याई मानिसको अङ्ग झिक्ने कार्य सम्झनुपर्छ।"
१५.	मा. नितिमा भण्डारी (कार्की)		
१६.	मा. पद्मा कुमारी अर्याल	३	**<u>मूल ऐनको दफा २ को खण्ड (ङ) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ङ१) पछि देहायको खण्ड (ङ२) थप गर्नुपर्ने</u>:-** "(ङ२) "आप्रवासी तस्करी (Migrant Smuggling)" भन्नाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आर्थिक वा अन्य भौतिक लाभ प्राप्त गर्ने उद्देश्यले कुनै व्यक्तिलाई निजको सहमतिमा त्यस्तो व्यक्तिको नागरिकता नभएको वा स्थायी बसोबासको अधिकार नभएको कुनै पक्ष राष्ट्रमा कानुन बमोजिमको बाटो बाहेक गैरकानुनी रूपमा प्रवेश गराउने वा त्यस्तो प्रवेश गराउन सहयोग गर्ने कार्य सम्झनुपर्छ।"
१७.	मा. मनिष खनाल	३	**<u>मूल ऐनको दफा २ मा देहायको खण्ड थप गर्नुपर्ने</u>:-** "(ज) "सरोगेसी" भन्नाले कुनै महिलाले अर्को व्यक्ति वा दम्पतीका लागि गर्भधारण गरी बच्चा जन्माइदिने जैविक प्रक्रियालाई बुझाउँछ।"
१८.	मा. भुमिका श्रेष्ठ	३	**<u>मूल ऐनको दफा २ को खण्ड (ग) मा रहेको,</u>** - "वेश्यावृत्ति" भन्ने शब्दको सट्टा "यौनजन्य कार्य" भन्ने शब्दहरू राख्नुपर्ने । **<u>मूल ऐनको दफा २ को खण्ड (ङ) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ङ) मा रहेको,</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			- "वेश्यावृत्ति" भन्ने शब्दको सट्टा "यौनजन्य कार्य" भन्ने शब्दहरू राखुपर्ने।
१९.	मा. गणेश कार्की	३	<u>मूल ऐनको दफा २ को खण्ड (ङ) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ङ) मा रहेको,</u> - "वेश्यावृत्ति" भन्ने शब्दको सट्टा "कुनै पनि लाभको लागि यौनजन्य क्रियाकलापमा संलग्न गराउने कार्य" भन्ने शब्दहरू राखुपर्ने। <u>मूल ऐनको दफा २ को खण्ड (च) पछि देहायको खण्ड (छ) थप गर्नुपर्ने</u>:- "(छ) "व्यक्ति" भन्नाले मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा २ को खण्ड (ग) बमोजिमको प्राकृतिक व्यक्ति तथा कानुन बमोजिम स्थापित वा गठित भई आफ्नै नामबाट अधिकार उपभोग गर्न, कर्तव्य पालना गर्न, दायित्व वहन गर्न, सम्पत्ति राख्न, करार गर्न वा मुद्दा गर्न वा खेप्न सक्ने संस्था, निकाय वा संगठन समेत सम्झनुपर्छ।"
२०.	मा. समिक्षा बास्कोटा	३	<u>मूल ऐनको दफा २ को खण्ड (ङ) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखुपर्ने</u>:- "(ङ) "शोषण" भन्नाले दास वा बाँध बनाउने वा त्यस्तो हैसियतमा राख्ने यौनजन्य क्रियाकलापमा सामेल गराउने विद्युतीय वा अन्य कुनै माध्यम प्रयोग गरी वा नगरी यौन शोषण गर्ने, उचित पारिश्रमिक नदिई काममा लगाउने, डर धम्की प्रेममा पारी मानसिक यातना दिने, प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने वा जबरजस्ती श्रममा लगाउने कार्य सम्झनुपर्छ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
२१.	मा. रमेश कुमार मल्ल	३	**<u>मूल ऐनको दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्नुपर्नेः-</u>** "(ग) "पीडित" भन्नाले मानव बेचबिखनबाट पीडित भएको व्यक्तिलाई सम्झनुपर्छ। यस शब्दले दफा ४(२) को कसुरबाट पीडितलाई समेत जनाउनेछ।" **<u>मूल ऐनको दफा २ को खण्ड (ङ) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्नुपर्नेः-</u>** "(ङ) "शोषण" भन्नाले दास तुल्याउने, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाँधा बनाउने कार्य, बाँधा श्रममा लगाउने, यौन शोषण गर्ने वा गराउने कार्य, श्रम शोषण वा प्रचलित कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने वा मानव तस्करीको वा जबरजस्ती श्रममा लगाउने कार्य सम्झनुपर्छ।"
२२.	मा. इन्दिरा राना	४	**<u>मुल ऐनको दफा ४ को,-</u>** - उपदफा (१) को खण्ड (घ) झिक्नुपर्ने।
२३.	मा. हर्क राज राई मा. आरेन राई	४	**<u>मूल ऐनको दफा ४ को उपदफा (२) को खण्ड (क) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) मा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u>** - "तथा नेपाली नागरिकले विदेशमा रहेर कुनै अर्को नेपालीलाई विदेशकै कुनै अर्को ठाउँमा मानव बेचबिखनको मनसायले लैजाने।"
२४.	मा. गीता गुरुङ	४	**<u>मूल ऐनको दफा ४ को,-</u>** **<u>दफा शीर्षकमा रहेका,</u>** - **<u>"मानव बेचबिखन र ओसारपसार गरेको मानिने"</u>** भन्ने शब्दहरूका सट्टा **<u>"कसुर"</u>** भन्ने शब्द राख्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			<u>उपदफा (१) को खण्ड (ख) मा रहेका,</u> - "वेश्यावृत्तिमा लगाउने" भन्ने शब्दहरूका सट्टा "देहव्यापारमा लगाउने वा शोषण गर्ने" भन्ने शब्दहरू राखुपर्ने। **<u>उपदफा (२) को,</u>** - खण्ड (ख) मा रहेका "वेश्यावृत्तिमा लगाउने" भन्ने शब्दहरूका सट्टा "देहव्यापारमा लगाउने" भन्ने शब्दहरू राखुपर्ने। - खण्ड (ग) झिकी खण्डक्रम मिलाउनुपर्ने। **<u>उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थप गर्नुपर्नेः</u>-** "(३) कसैले देहायको कुनै कार्य गरेमा मानव तस्करी गरेको मानिनेछः- (क) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आर्थिक वा अन्य भौतिक लाभ प्राप्त गर्ने उद्देश्यले कुनै व्यक्तिलाई गैरनागरिक वा अन्य देशको नागरिकको मुलुकमा गैरकानुनी रूपमा प्रवेश गराउने कार्य वा सो कार्यको प्रयत्न वा व्यवस्था गर्नु वा संलग्न हुनु। (ख) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै गैरकानुनी लाभ वा अन्य फाइदा लिने उद्देश्यले अवैधानिकपूर्वक कुनै नेपाली नागरिक, विदेशी वा आवासीय व्यक्तिलाई नक्कली वा झुट्टा कागजात बनाई वा झुक्याई विदेश लैजाने वा त्यस्तो व्यक्तिको आफ्नो मुलुक वा निज रहेको स्थानबाहेक अन्य मुलुकमा गैरकानुनी रूपमा प्रवेश गराउने कार्य गरे वा गराएमा। (४) उपदफा (१) र (२) को प्रयोजनका लागि पीडितको सहमतिलाई कसुर प्रमाणित नहुने आधार मानिने छैन।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
२५.	मा. सुलभ खरेल	४	<u>मूल ऐनको दफा ४ को उपदफा (१) को खण्ड (घ) मा रहेका,</u> - "वेश्यागमन गर्ने" भन्ने शब्दहरूका सट्टा "व्यावसायिक यौन सेवा प्राप्त गर्ने वा स्वेच्छाले व्यावसायिक यौन सेवा प्रदान गर्ने" भन्ने शब्दहरू राख्नुपर्ने।
२६.	मा. गणेश बहादुर विश्वकर्मा	४	<u>मूल ऐनको दफा ४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u> "(१) "मानव बेचविखन" भन्नाले मानिस बेच्ने वा किन्ने वा यौन शोषण गर्ने वा कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने वा शोषण गर्ने उद्देश्यले धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरी, अपहरण गरी छलछाम गरी धोका दिई, पदको दुरपयोग गरी वा नाजूक स्थितिको फाइदा लिई रकम वा लाभ दिनुलिनु गरी व्यक्तिहरूलाई भर्ति गर्ने, एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्ने, स्थान्तरण गर्ने, आश्रय दिने, वा प्राप्त गर्ने कार्य सम्झनुपर्छ।"
२७.	मा. लिमा अधिकारी (आचार्य)	४	<u>दफा ४ मा देहायको उपदफा (१) थप गरी त्यसपछिको दफाक्रम मिलाउनुपर्नेः-</u> "(१) मूल ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ख) र (घ) को सट्टा देहायको खण्ड (ख) र (घ) राखिएका छन्ः- (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई यौनजन्य क्रियाकलापमा लगाउने, (घ) यौनजन्य क्रियाकलापमा संलग्न हुने।" <u>मूल ऐनको दफा ४ को उपदफा (२) को खण्ड (ख) को अन्त्यमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको प्रतिबन्धात्मक वाक्यांशमा रहेका,</u> - "शोषण गर्ने उद्देश्यले" भन्ने शब्दहरूपछि "वा यौनजन्य क्रियाकलापमा लगाउने उद्देश्यले" भन्ने शब्दहरू थप गर्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
२८.	मा. निशा डाँगी	४	**<u>मूल ऐनको दफा ४ को उपदफा (२) मा देहायको खण्ड (ग) थप गरी त्यसपछिको खण्डक्रम मिलाउनु पर्नेः-</u>** "(ग) जबरजस्ती श्रम वा सेवा, ऋण बन्धन, दासत्व, दासत्व सरहको व्यवहार वा अन्य कुनै प्रकारको श्रमजन्य शोषण गर्ने उद्देश्यले कुनै व्यक्तिलाई भर्ती गर्ने, स्थानान्तरण गर्ने, ओसारपसार गर्ने, आश्रय दिने, नियन्त्रणमा लिने वा शोषण गर्ने।"
२९.	मा. भरत प्रसाद पराजुली	४	**<u>मूल ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ग) मा रहेका,</u>** - "मानिसको अङ्ग झिक्ने" भन्ने शब्दहरूका सट्टा "कसैको आँखा, छाला, डिम्ब, मिर्गौला वा शरीरको अन्य कुनै अङ्ग वा तन्तु झिक्ने वा निकाल्ने" भन्ने शब्दहरू राख्नुपर्ने।
३०.	मा. सुम्नीमा उदास	४	**<u>मूल ऐनको दफा ४ को,-</u>** **<u>दफा शीर्षकमा रहेका,</u>** - **<u>"मानव बेचबिखन र ओसारपसार गरेको मानिने"</u>** भन्ने शब्दहरूका सट्टा **<u>"कसुर"</u>** भन्ने शब्द राख्नुपर्ने। **<u>उपदफा (२) को,</u>** - खण्ड (ग) झिकी खण्डक्रम मिलाउनुपर्ने। **<u>उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नपर्नेः-</u>** "(३) कसैले देहायको कुनै कार्य गरेमा मानव तस्करी गरेको मानिनेछः- (क) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आर्थिक वा अन्य भौतिक लाभ प्राप्त गर्ने उद्देश्यले कुनै व्यक्तिलाई निज नागरिक वा स्थायी बासिन्दा नरहेको मुलुकमा गैरकानुनी रूपमा प्रवेश गराउने कार्य वा सो कार्यको प्रबन्ध वा व्यवस्था गर्नु सम्झनुपर्छ।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			(ख) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै गैरकानुनी लाभ वा अन्य फाइदा लिने उद्देश्यले बदनियतपूर्वक कुनै नेपाली नागरिक, विदेशी वा आप्रवासी व्यक्तिलाई नक्कली वा झुट्टा कागजात बनाई वा झुक्याई विदेश लैजाने वा त्यस्तो व्यक्तिले आफ्नो मुलुक वा निज रहेको स्थान बाहेक अन्य मुलुकमा गैरकानुनी रूपमा प्रवेश गराउने कार्य गरे वा गराएमा।"
३१.	मा. मनिष झा	४	<u>मूल ऐनको दफा ४ को उपदफा (२) को खण्ड (क) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) मा रहेका,</u> - "अर्को ठाउँमा वा विदेशमा लैजाने" भन्ने शब्दहरूपछि "भर्ना गर्ने, प्राप्त गर्ने, स्थानान्तरण गर्ने वा अन्य व्यक्तिको नियन्त्रणमा दिने" भन्ने शब्दहरू थप गर्नुपर्ने।
३२.	मा. सुशील खड्का	४	<u>मूल ऐनको दफा ४ को उपदफा (२) को खण्ड (ख) मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखुपर्नेः-</u> "तर बालबालिकाको सहमति भए तापनि शोषण गर्ने उद्देश्यले बालबालिकालाई निज बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लैजाने, आफूसँग राख्ने, आफ्नो नियन्त्रणमा लिने, कुनै स्थानमा राख्ने वा भर्ना गर्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्य गरेमा वा प्रलोभनमा पारी विभिन्न किसिमले बाध्य पारी यस खण्डमा उल्लिखित कुनै माध्यमको प्रयोग भएको रहेनछ भने पनि ओसारपसार गरेको मानिनेछ।"
३३.	मा. नितिमा भण्डारी (कार्की)		
३४.	मा. मनिष खनाल	४	<u>मूल ऐनको दफा (४) को,-</u> <u>उपदफा (१) को खण्ड (ख) मा रहेको,</u> - "वेश्यावृत्तिमा" भन्ने शब्दको सट्टा "वेश्यावृत्ति वा सरोगेसीमा" भन्ने शब्दहरू थप गर्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			<u>उपदफा (१) मा देहायको खण्ड (ङ) थप गर्नुपर्नेः-</u> "(ङ) कोख भाडामा दिने र शिशु जन्माई उपलब्ध गरे गराएबापत रकम वा कुनै लाभ, सेवा र सुविधा लेनदेन गर्नेगरी सरोगेसीमा संलग्न हुने वा गराउने।"
३५.	मा. भुमिका श्रेष्ठ	४	<u>मूल ऐनको दफा ४ को उपदफा (२) को खण्ड (ख) मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको प्रतिबन्धात्मक वाक्यांशमा रहेका,</u> - "शोषण गर्ने उद्देश्यले" भन्ने शब्दहरूपछि "वा गैरकानुनी ढङ्गले आवासीय हेरचाह वा सेवा प्रदान गर्ने उद्देश्यले" भन्ने शब्दहरू थप गर्नुपर्ने। - "घर" भन्ने शब्दपछि "परिवार" भन्ने शब्द थप गर्नुपर्ने।
३६.	मा. रमेश कुमार मल्ल	४	<u>मूल ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्नेः-</u> "(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई यौन शोषण गर्ने वा इच्छाविपरीत यौनकार्यमा लगाउने," <u>मूल ऐनको दफा ४ को उपदफा (१) मा देहायको खण्ड (ग) थप गरी त्यसपछिको खण्डक्रम मिलाउनु पर्नेः-</u> "(ग) मानव बेचबिखनको अवस्थामा रहेको व्यक्तिसँग यौन कार्य गर्ने।"
३७.	मा. इन्दिरा राना	५	<u>मूल ऐनको दफा ५ को उपदफा (२) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-</u> "तर उजुर गर्ने व्यक्तिले स्वेच्छाले आफ्नो नाम, थर वतन तथा पहिचान गोप्य नराखिदिन लिखित अनुरोध गरेमा त्यस्तो विवरण गोप्य राख्नुपर्ने छैन।"
३८.	मा. गणेश बहादुर विश्वकर्मा	५	<u>मूल ऐनको दफा ५ को उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राख्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			"(१) दफा ३ बमोजिमको कसुर गरेको गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ। यस्तो कसुर विदेशी मुलुकमा भएमा सो देश हेर्ने कुटनीतिक नियोगमा समेत उजुर गर्न सकिनेछ। (२) उपदफा (१) बमोजिम उजुर गर्ने व्यक्तिको तथा प्रभावित व्यक्तिको नाम, थर, वतन, तथा पहिचान खुल्ने अन्य विवरण उजुर दर्ता गर्ने प्रहरी कार्यालय र अदालतले गोप्य राख्नु पर्नेछ।"
३९.	मा. मनिष झा	५	**<u>मूल ऐनको दफा ५ को उपदफा (२) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (२) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "यस्तो विवरण सुरक्षित अभिलेखमा मात्र राखिनेछ र अनुसन्धान, अभियोजन वा अदालतको आदेशबमोजिम आवश्यक परेकोमा बाहेक सार्वजनिक गरिने छैन। पीडित, उजुरीकर्ता वा साक्षीको सुरक्षामा जोखिम भए आवश्यक सुरक्षा उपायसमेत अपनाउनु पर्नेछ।"
४०.	मा. मनमाया विश्वकर्मा	६	**<u>मूल ऐनको दफा ८ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ८क. को उपदफा (१) मा रहेका,</u>** - "हकको सम्पत्ति वा निजको राहदानी रोक्का" भन्ने शब्दहरूका सट्टा "हकको सम्पत्ति, राज्यबाट प्राप्त सुविधा र राहदानी रोक्का" भन्ने शब्दहरू राख्नुपर्ने।
४१.	मा. प्रकाश चन्द्र परियार	६	**<u>मूल ऐनको दफा ८ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ८क. को उपदफा (१) र (२) मा रहेका,</u>** - "सम्पत्ति वा निजको राहदानी" भन्ने शब्दहरूको सट्टा "सम्पत्ति र निजको राहदानी" भन्ने शब्दहरू राख्नुपर्ने।
४२.	मा. मनिष झा	६	**<u>मूल ऐनको दफा ८ पछि थप गर्न विधयेकमा प्रस्ताव गरिएको दफा ८क. को उपदफा (१) र (२) मा रहेका,</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			- "सम्पत्ति वा निजको राहदानी" भन्ने शब्दहरूपछि "रोक्का राख्न आवश्यक र पर्याप्त आधार देखिएमा निश्चित अवधिका लागि" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>मूल ऐनको दफा ८ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ८क. को उपदफा (२) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:-** - "अदालतले रोक्का आदेश दिँदा कारण खुलाउनुपर्ने र प्रभावित (अंशभोग लाग्ने) व्यक्तिलाई प्रचलित कानुनबमोजिम पुनरावलोकन/फुकुवा माग गर्ने अवसर रहनेछ।"
४३.	मा. ऐन बहादुर महर	६	**<u>मूल ऐनको दफा ८ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ८क. मा देहायको उपदफा (३) र (४) थप गर्नुपर्ने</u>:-** "(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि मानव बेचबिखन कसुरको अभियुक्तलाई अनुमति लिई ९० दिनसम्म हिरासतमा राख्न सक्नेछ। (४) अनुसन्धान अधिकारीले अनुसन्धानको सिलसिलामा अदालतको अनुमति लिई प्रतिवादीको सम्पत्ति रोक्का राख्नु पर्नेछ।"
४४.	मा. सुशील खड्का	६	**<u>मूल ऐनको दफा ८ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ८क. को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:-** "(१) मानव बेचबिखन वा ओसारपसारसम्बन्धी कसुरको आरोप लागेको व्यक्ति पक्राउ नपरी फरार रहेमा त्यस्तो व्यक्तिको हकको सम्पत्ति वा निजको राहदानी रोक्का राख्नको लागि अनुसन्धान अधिकारीले अदालतमा निवेदन दिनु पर्नेछ।"
४५.	मा. नितिमा भण्डारी (कार्की)		
४६.	मा. गणेश कार्की	६	**<u>मूल ऐन को दफा ८ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको ८क. को उपदफा (१) मा रहेका,</u>** - "निवेदन दिन सक्नेछ" भन्ने शब्दहरूका सट्टा "निवेदन दिनु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
४७.	मा. गणेश बहादुर विश्वकर्मा	७	<u>मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राख्नुपर्नेः</u>- "११. <u>दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्ने</u> : (१) यस ऐन अन्तर्गतको कसुरसम्बन्धी मुद्दाको कामकारवाहीमा प्रयोग हुने भाषा पीडित, आरोपित व्यक्तिले वा मुद्दाको साक्षीले नबुझ्ने भएमा दोभाषे, साङ्केतिक भाषा विज्ञ, मनोविमर्शकर्ता वा अनुवादक उपलब्ध गराउनु पर्नेछ।"
४८.	मा. गंगादेवी श्रेष्ठ	७	<u>मूल ऐनको दफा ११ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ११ को उपदफा (१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः</u>- - "भाषा बुझ्ने तथा अन्य सहयोगी चाहिएमा नेपाल सरकारको तर्फबाट उपलब्ध हुनेछ।"
४९.	मा. मनिष झा	७	<u>मूल ऐनको दफा ११ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ११ को उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्नेः</u>- "(४) दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादकको सेवा निःशुल्क हुनेछ र आवश्यक परे महिला, बालबालिका वा अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त विशेषज्ञ उपलब्ध गराइनेछ।"
५०.	मा. सुशील खड्का	७	<u>मूल ऐनको दफा ११ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ११ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः</u>- "(१) यस ऐनअन्तर्गत कसुरसम्बन्धी मुद्दाको कामकारबाहीमा प्रयोग हुने भाषा पीडित, आरोपित व्यक्ति वा मुद्दाको साक्षीले नबुझ्ने भएमा निजले दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादक राख्नु पर्नेछ।"
५१.	मा. नितिमा भण्डारी (कार्की)		
५२.	मा. गणेश कार्की	७	<u>मूल ऐनको दफा ११ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ११ को,-</u> - <u>उपदफा (१) मा रहेका</u> "नबुझ्ने भएमा" भन्ने शब्दहरूपछि "नेपाल सरकारको तर्फबाट त्यस्तो सुविधा उपलब्ध हुनेछ" भन्ने शब्दहरू थप गर्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			- उपदफा (२) झिक्नुपर्ने।
५३.	मा. रमेश कुमार मल्ल	७	<u>मूल ऐनको दफा ११ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ११ को उपदफा (१) मा रहेका,</u> - "भाषा विज्ञ" भन्ने शब्दहरूपछि "मनोविमर्शकर्ता वा अनुवादक" भन्ने शब्दहरू थप गर्नुपर्ने।
५४.	मा. हर्क राज राई, मा. आरेन राई	८	<u>मूल ऐनको दफा १२ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा १२ को उपदफा (१) मा रहेका,</u> - "जिल्ला समितिले प्रदेश समिति र स्थानीय समितिको सहयोग तथा समन्वयमा त्यस्तो व्यक्तिको तत्काल उद्धार गरी" भन्ने शब्दहरूका सट्टा "नेपाल प्रहरी प्रशासनले त्यस्तो व्यक्तिको तत्काल उद्धार गरी" भन्ने शब्दहरू राख्नुपर्ने। <u>मूल ऐनको दफा १२ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा १२ को उपदफा (८) मा रहेका,</u> - "अन्य व्यवस्था" भन्ने शब्दहरूका सट्टा "नियमावली बनाई नियमावलीमा" भन्ने शब्दहरू राख्नुपर्ने।
५५.	मा. सन्दीप राना मा. सुशीला ढकाल (आचार्य) मा. गीता कुमारी सेन्दाङ	८	<u>मूल ऐनको दफा १२ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा १२ को उपदफा (१) पछि देहायको उपदफा (१क), (१ख) र (१ग) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्नेः-</u> "(१क) उपदफा (१) बमोजिम उद्धार गरिएको पीडितलाई निजको आवश्यकता र अवस्थाअनुसार सुरक्षित आवास, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, कानुनी सहायता, दोभाषे वा अनुवादक, सुरक्षा तथा अन्य आवश्यक सहयोग तत्काल उपलब्ध गराउनु पर्नेछ। (१ख) पीडितको पुनर्स्थापनासम्बन्धी निर्णय गर्दा निजको विचार तथा इच्छा, उमेर, लिङ्ग, स्वास्थ्य, पारिवारिक अवस्था , सुरक्षा जोखिम तथा पुनः बेचबिखनमा पर्न सक्ने जोखिमलाई समेत विचार गर्नुपर्नेछ। (१ग) पीडितले यस ऐन बमोजिम प्राप्त गर्ने संरक्षण तथा सहायता कुनै कसुरको अनुसन्धान वा अभियोजनमा निजले सहयोग गरेको वा नगरेको आधारमा रोक्का, कटौती वा अस्वीकार गरिने छैन।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			<u>मूल ऐनको दफा १२ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा १२ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः</u>- "(३) उपदफा (२) बमोजिम विदेशी पीडितलाई फिर्ता पठाउने निर्णय गर्नुअगि सम्बन्धित पीडितको सुरक्षा, मानव अधिकार, स्वास्थ्य अवस्था, परिवार तथा सामाजिक अवस्था र पुनः बेचबिखन वा अन्य शोषणमा पर्न सक्ने जोखिमको मूल्याङ्कन गर्नुपर्नेछ र निजको सुरक्षित तथा सम्मानजनक फिर्ती सुनिश्चित नभएसम्म फिर्ता पठाइने छैन।"
५६.	मा. निशा डाँगी	८	**<u>मूल ऐनको दफा १२ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा १२ मा देहायको उपदफा (६क) थप गर्नुपर्नेः</u>-** "(६क) बालबालिका पीडितको उद्धार, संरक्षण, हेरचाह, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना वा अन्य कुनै निर्णय गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक विचार गर्नु पर्नेछ।"
५७.	मा. भरत प्रसाद पराजुली	८	**<u>मूल ऐनको दफा १२ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा १२ को उपदफा (६) मा रहेका,</u>** - "राष्ट्रिय समितिले" भन्ने शब्दहरूपछि "नेपाली राजदुतावास वा कुटनितिक नियोगमार्फत" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>मूल ऐनको दफा १२ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा १२ मा देहायको उपदफा (९) थप गर्नुपर्नेः</u>-** "(९) उद्धार भएका व्यक्तिलाई निजको अवस्था र आवश्यकता हेरी जिल्ला समितिमार्फत पालिका समितिको सहजीकरणमा वडा समितिले पारिवारिक पुर्नमिलन तथा पुनः एकीकरणको कार्य गर्नु पर्नेछ।"
५८.	मा. मनिष झा	८	**<u>मूल ऐनको दफा १२ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा १२ को,-</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			<u>उपदफा (१) मा रहेका,</u> - "तत्काल उद्धार" भन्ने शब्दहरूपछि "सुरक्षित आवास, स्वास्थ्य परीक्षण तथा उपचार, मनोसामाजिक परामर्श, कानुनी सहायता, आवश्यक सुरक्षा तथा बाल संरक्षण सेवा" भन्ने शब्दहरू थप गर्नुपर्ने। <u>उपदफा (५) मा देहायका प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-</u> - "तर त्यसरी फिर्ता पठाउनुअगि पीडीतको सुरक्षा, trafficking risk, स्वास्थ्य, आवास/परिवारको अवस्था, आवश्यक सेवा तथा बालबालिकाको सर्वोत्तम हितको मूल्याङ्कन गर्नु पर्नेछ। जोखिम भए सुरक्षित वैकल्पिक व्यवस्था नगरी फिर्ता गर्नु हुँदैन।" <u>मूल ऐनको दफा १२ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा १२ को उपदफा (६) र (७) मा रहेको,</u> - "उद्धार" भन्ने शब्दपछि "कुटनीतिक तथा कन्सुलर सहायता, अस्थायी सुरक्षित आवास, स्वास्थ्य/मनोसामाजिक सहायता, travel document तथा नेपाल फर्किएपछि पुनर्स्थापना सेवामा referral" भन्ने शब्दहरू थप गर्नुपर्ने।
५९.	मा. एशुदा कुमारी बराल	८	<u>मूल ऐनको दफा १२ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा १२ को उपदफा (८) पछि देहायको उपदफा (९) थप गर्नुपर्नेः</u>- "(९) श्रम स्वीकृतिबिना विभिन्न देशमा पठाइएका महिला श्रमिकहरूलाई वैधानिक श्रम स्वीकृति दिई बेचबिखन हुनबाट बचाउनु पर्नेछ।"
६०.	मा. सुशील खड्का	८	<u>मूल ऐनको दफा १२ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा १२ को उपदफा (८) को सट्टा देहायको उपदफा (८) राख्नुपर्नेः</u>-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
६१.	मा. नितिमा भण्डारी (कार्की)		"(८) पीडितको उद्धार तथा पुनःस्थापनासम्बन्धी व्यवस्था राज्यको दायित्व हुनेछ। साथै राज्यले पीडितको स्वःसंरक्षणको व्यवस्था गर्दै जीविकोपार्जनका लागि शिक्षा, सिप विकास तथा रोजगारी, भत्ता, दीर्घकालीन पुनःस्थापना तथा स्थानीय तहसँग समन्वय गरी पुनःएकीकरण सुनिश्चित गर्नु पर्नेछ। यस सम्बन्धमा अन्य आवश्यक व्यवस्था तोकिएबमोजिम हुनेछ।"
६२.	मा. गीता गुरुङ	९	**<u>मूल ऐनको दफा १३ को उपदफा (१क) मा देहायको खण्ड (क) थप गर्नुपर्नेः</u>-** "(क) स्थानीय तहले त्यस्तो पुनर्स्थापना केन्द्र स्थापना गर्न नसकेमा प्रदेश वा भौगोलिक निकटता भएका एक वा सोभन्दा बढी स्थानीय तहहरूबिच आपसी सम्झौता गरी पुनर्स्थापना केन्द्रहरू स्थापना गर्न सक्नेछ।"
६३.	मा. गणेश बहादुर विश्वकर्मा	९	**<u>मूल ऐनको दफा १३ को उपदफा (१) मा रहेका,</u>** - "स्थापना गर्नेछ" भन्ने शब्दहरूपछि "सङ्घीय तथा स्थानीय सरकारले" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>मूल ऐनको दफा १३ को उपदफा (१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः</u>-** - "स्थानीय तहले त्यसरी पुर्नस्थापना केन्द्र स्थापना गर्दा एक्लैले वा भौगोलिक निकटता भएका एक वा बढी कार्यपालिकाहरू बिच आपसी समझौता गरी पुनःस्थापना केन्द्रहरू स्थापना गर्न सक्नेछ।"
६४.	मा. लिमा अधिकारी (आचार्य)	९	**<u>विधेयकको दफा ९ को सट्टा देहायको दफा ९ राख्नुपर्नेः</u>-** "**९. <u>मूल ऐनको दफा १३ मा संशोधन</u>** : मूल ऐनको दफा १३ को,-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			(क) उपदफा (१),(४) र (७) मा रहेका "पुनर्स्थापना" तथा "पारिवारिक पुनर्मिलन" भन्ने शब्दहरूपछि "सुरक्षित पुनःएकीकरण तथा सामाजिक पुनःसमायोजन" भन्ने शब्दहरू थपिएका छन्। (ख) उपदफा (३) मा रहेका "तोकिदिए बमोजिम" भन्ने शब्दहरूका सट्टा "पुनर्स्थापना कोषमार्फत तोकिएबमोजिम" भन्ने शब्दहरू राखिएका छन्। (ग) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :- "(५) केन्द्रले पीडितलाई आवश्यकता अनुसार आवास सुविधा, औषधि उपचार र परामर्श सेवा तथा सुविधाको व्यवस्था गर्नु पर्नेछ।"
६५.	मा. ऐन बहादुर महर	९	<u>मूल ऐनको दफा १३ को उपदफा (१) मा रहेका,</u> - "नेपाल सरकारले" भन्ने शब्दहरूपछि "स्थानीय सरकारले" भन्ने शब्दहरू थप गर्नुपर्ने। - "स्थापना गर्नेछ" भन्ने शब्दहरूपछि "स्थानीय तहले त्यसरी पुनःस्थापना केन्द्र स्थापना गर्दा एक्लैले वा भौगोलिक निकटता भएमा एक वा बढी कार्यपालिकाह्यरूबिच आपसी सम्झौता गरी पुनःस्थापना केन्द्र स्थापना गर्न सक्नेछ।" भन्ने शब्दहरू थप गर्नुपर्ने।
६६.	मा. रमेश कुमार मल्ल	९	<u>मूल ऐनको दफा १३ को उपदफा (१) मा रहेका,</u> - "नेपाल सरकारले" भन्ने शब्दहरूपछि "सङ्घमा र स्थानीय तहको सरकारले स्थानीय तहमा" भन्ने शब्दहरू थप गर्नुपर्ने। - "स्थापना गर्नेछ" भन्ने शब्दहरूपछि "स्थानीय तहले त्यसरी पुनर्स्थापना केन्द्र स्थापना गर्दा एक्लैले वा भौगोलिक निकटता भएका एक वा बढी कार्यपालिकाहरूबिच आपसी सम्झौता गरी पुनर्स्थापना केन्द्रहरू स्थापना गर्न सक्नेछ।" भन्ने शब्दहरू थप गर्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			<u>मूल ऐनको दफा १३ को उपदफा (२क) पछि देहायको उपदफा (३), (४) र (५) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्ने</u>:- "(३) एक वा सोभन्दा बढी पालिकाहरूबिच आपसी सम्झौता गरी कुनै पुनर्स्थापना केन्द्र खोलेको हकमा अनुगमन लगायत त्यसको व्यवस्थापनको जिम्मा सम्झौतामा तोकिएबमोजिम हुनेछ। माथि जुनसुकै कुरा लेखिएको भए तापनि पुनर्स्थापना केन्द्र सञ्चालन गर्दा नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप हुनु पर्नेछ। (४) बालबालिका पीडित भएको हकमा त्यस्ता पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार बालबालिकाका निमित्त तोकिएबमोजिम बालमैत्री वातावरण सहितको पुनर्स्थापना केन्द्र स्थापना गर्नेछ। (५) पीडित बालबालिकाहरूको पुनर्स्थापनामा काम गर्ने कर्मचारी तथा व्यक्तिहरूलाई कानुनी तथा मनोवैज्ञानिक, संरक्षण लगायत अन्य आवश्यक तालिमहरू अनिवार्य रूपमा राज्यले प्रदान गर्ने व्यवस्था गर्नेछ।"
६७.	मा. सन्दीप राना मा. सुशीला ढकाल (आचार्य) मा. गीता कुमारी सेन्दाङ	१०	**<u>मूल ऐनको दफा १४ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्ने</u>:-** "(१क) पुनर्स्थापना कोषमा प्रत्येक आर्थिक वर्ष नेपाल सरकारले विनियोजन गर्ने रकम समावेश हुनेछ र त्यस्तो कोषबाट पीडितको उद्धार, संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहायता, कानुनी सहायता, सुरक्षित आवास, शिक्षा, सिप विकास, रोजगारी तथा पुनःएकीकरणसम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।"
६८.	मा. भरत प्रसाद पराजुली	१०	**<u>मूल ऐनको दफा १४ को उपदफा (१) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) मा रहेका,</u>** - "पीडितको उद्धार र स्वदेश फिर्ती" भन्ने शब्दहरूपछि "वा घर फिर्ती " भन्ने शब्दहरू थप गर्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
६९.	मा. इन्दिरा राना	११	**<u>मूल ऐनको दफा १५ को उपदफा (१) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को,-</u>** **<u>खण्ड (ख) मा रहेको,</u>** - "वेश्यावृत्तिमा" भन्ने शब्दको सट्टा "जबरजस्ती यौन व्यवसायमा" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>खण्ड (घ)</u>** "झिक्नुपर्ने।" **<u>खण्ड (ङ) मा रहेको,</u>** -"वेश्यावृत्तिमा" भन्ने शब्दको सट्टा "जवर्जस्ती यौन व्यवसायमा" भन्ने शब्दहरू राख्नुपर्ने।
७०.	मा. हर्क राज राई मा. आरेन राई	११	**<u>मूल ऐनको दफा १५ को उपदफा (१) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को खण्ड (च) मा रहेको,</u>** - "शोषण" भन्ने शब्दको सट्टा "यौन, आर्थिक शोषण" भन्ने शब्दहरू राख्नुपर्ने।
७१.	मा. मनमाया विश्वकर्मा	११	**<u>मूल ऐनको दफा १५ को उपदफा (१) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को,-</u>** **<u>खण्ड (ख) मा रहेको,</u>** -"वेश्यावृत्तिमा" भन्ने शब्दको सट्टा "देहव्यापार" भन्ने शब्द राख्नुपर्ने। **<u>खण्ड (घ) मा रहेको,</u>** -"वेश्यागमन" भन्ने शब्दको सट्टा "देहव्यापार" भन्ने शब्द राख्नुपर्ने। **<u>खण्ड (ङ) मा रहेको,</u>** -"वेश्यावृत्ति" भन्ने शब्दको सट्टा "देहव्यापार" भन्ने शब्द राख्नुपर्ने।
७२.	मा. गीता गुरुङ	११	**<u>मूल ऐनको दफा १५ को उपदफा (१) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा १ को,-</u>** **<u>खण्ड (ख) मा रहेका,</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			- "वेश्यावृत्तिमा लगाउने" भन्ने शब्दहरूका सट्टा "देहव्यापारमा लगाउने" भन्ने शब्दहरू र "एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूका सट्टा "दुई लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखुपर्ने। **खण्ड (ङ) मा रहेको,** - "किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले" भन्ने शब्दहरूका सट्टा "किन्ने, बेच्ने वा देहव्यापारमा लगाउने वा शोषण गर्ने उद्देश्यले" भन्ने शब्दहरू राखुपर्ने। **खण्ड (ङ) को,** - उपखण्ड (१) मा रहेका "एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूका सट्टा "दुई लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू र "दुई लाख रुपैयाँदेखि चार लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूका सट्टा "तीन लाख रुपैयाँदेखि चार लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राख्नुपर्ने। **खण्ड (च)** झिक्नुपर्ने। **खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखुपर्नेः-** "(छ) खण्ड (ङ) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ग) वा उपदफा (३) बमोजिमको कसुर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना हुनेछ।" **मूल ऐनको दफा १५ को उपदफा (६) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (७) र (८) पछि देहायको उपदफा (९) थप गर्नुपर्नेः-**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			"(९) आर्थिक लेनदेन गरी अन्तरदेशीय धर्मपुत्र, धार्मिक शिक्षा, बालसंरक्षण र वैदेशिक रोजगारका नाउँमा दफा ४ बमोजिमको कसुर गर्ने व्यक्ति वा संस्थालाई यस दफामा लेखिएको सजायको अतिरिक्त थप १० प्रतिशत सजाय हुनेछ।"
७३.	मा. सुलभ खरेल	११	**<u>मूल ऐनको दफा ११ को उपदफा (१) को सट्टा प्रस्ताव गरिएको उपदफा (१) को खण्ड (घ) मा रहेका,</u>** - "वेश्यागमन गर्ने" भन्ने शब्दहरूका सट्टा "व्यावसायिक यौन सेवा प्राप्त गर्ने वा स्वेच्छाले व्यावसायिक यौन सेवा प्रदान गर्ने" भन्ने शब्दहरू राख्नुपर्ने।
७४.	मा. लिमा अधिकारी (आचार्य)	११	**<u>मूल ऐनको दफा १५ को उपदफा (१) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को,-</u>** **<u>खण्ड (ख) मा रहेका,</u>** - "वेश्यावृत्तिमा लगाउनेलाई" भन्ने शब्दहरूका सट्टा "यौनजन्य क्रियाकलापमा लगाउनेलाई" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>खण्ड (घ) मा रहेका,</u>** - "वेश्यागमन गर्नेलाई" भन्ने शब्दहरूका सट्टा "यौनजन्य क्रियाकलापमा संलग्न हुनेलाई" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>खण्ड (ङ) मा रहेका,</u>** - "वेश्यावृत्तिमा लगाउने उद्देश्यले" भन्ने शब्दहरूका सट्टा "यौनजन्य क्रियाकलापमा लगाउने उद्देश्यले" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>विधेयकमा देहायको उपदफा (३) थप गर्नुपर्ने</u>:-**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			"(३) उपदफा (२) को खण्ड (क), (ख) र (ग) मा प्रयोग भएको "वेश्यावृत्ति" भन्ने शब्दको सट्टा "यौनजन्य क्रियाकलाप" भन्ने शब्दहरू राखिएका छन्।"
७५.	मा. निशा डाँगी	११	<u>मूल ऐनको दफा १५ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखुपर्नेः-</u> "(६) मानव बेचबिखन वा ओसारपसारको पीडित अनुसन्धान, अभियोजन वा अदालतको कारबाहीमा उपस्थित हुन नसकेको कारण मात्र निजलाई जरिबाना, दण्ड वा अन्य कुनै प्रतिकूल कारबाही गरिने छैन।" <u>मूल ऐनको दफा १५ मा देहायको उपदफा (७) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्नेः-</u> "(७) पीडितको सुरक्षा, स्वास्थ्य, मानसिक वा मनोसामाजिक अवस्था, भौगोलिक दुरी वा अन्य मनासिब कारणले प्रत्यक्ष उपस्थित हुन कठिन भएमा प्रचलित कानुनबमोजिम श्रव्यदृश्य माध्यम वा अन्य उपयुक्त प्रविधिबाट बयान वा बकपत्र गराउन सकिनेछ।"
७६.	मा. भरत प्रसाद पराजुली	११	<u>मूल ऐनको दफा १५ को उपदफा (१) को सट्टा विधेकमा प्रस्ताव गरिएको उपदफा (१) को खण्ड (क) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः</u>- "कसैले प्रविधि, अनलाइन वा सामाजिक सञ्जालको प्रयोग गरी यस ऐन विपरीत कसुर गरेमा निजलाई मुख्य कसुरमा हुने सजायमा थप दुई वर्ष कैद वा एक लाख रुपैयाँसम्म थप जरिबाना हुनेछ।"
७७.	मा. सुम्नीमा उदास	११	<u>मूल ऐनको दफा १५ को उपदफा (१) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखुपर्नेः</u>- "(छ) खण्ड (ङ) र (च) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख), (ग) वा उपदफा (३) बमोजिमको कसुर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिबाना हुनेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
७८.	मा. मनिष झा	११	<u>मूल ऐनको दफा १५ को उपदफा (१) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को खण्ड (घ) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u> - "पीडित स्वयं trafficking को प्रत्यक्ष परिणामस्वरूप वेश्यागमन वा अन्य शोषणजन्य परिस्थितिमा संलग्न भएको प्रमाणित भएमा त्यस्तो पीडितलाई यस ऐनबमोजिम दण्डित नगरिने व्यवस्था थप गर्नुपर्ने।" <u>मूल ऐनको दफा १५ को उपदफा (६) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (७) र (८) मा रहेका,</u> - "वास्तविक नाम, तस्विर वा अन्य विवरण" भन्ने शब्दहरूपछि "प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पहिचान खुल्ने डिजिटल सामग्री, स्थान, सम्पर्क, विद्यालय, परिवार वा अन्य सूचना" भन्ने शब्दहरू थप गर्नुपर्ने।
७९.	मा. साजिदा खातुन सिद्धिकी	११	<u>मूल ऐनको दफा १५ को उपदफा (१) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखुपर्नेः-</u> "(क) मानिस किन्ने वा बेच्नेलाई बिस वर्ष कैद र पाँच लाख जरिबाना हुनेछ। जबर्जस्ती यौन शोषण गर्ने/गराउने वा कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने वा ओसारपसार गर्नेलाई १० वर्षदेखि १५ वर्षसम्म कैद र पाँच लाख जरिबाना हुनेछ।" <u>मूल ऐनको दफा १५ को उपदफा (१) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखुपर्नेः-</u> "(ख) बालबालिकाको विरुद्धमा दफा ३ अन्तर्गतको कसुर भएको रहेछ भने यस दफामा भएको सजायमा २५% थप सजाय हुनेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			मूल ऐनको दफा १५ को उपदफा (२) को,- - **खण्ड (क), (ख) र (ग)** झिक्नुपर्ने। **मूल ऐनको दफा १५ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नुपर्नेः-** "(६) दफा २५ विपरीत पीडितको वास्तविक नाम, तस्विर, वा अन्य विवरण छाप्ने, प्रचारप्रसार गर्ने वा सार्वजनिक रूपमा प्रकट गर्ने व्यक्तिले तीन महिनादेखि छ महिनासम्म कैद वा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। तर पीडित बालबालिकाको वास्तविक नाम, तस्विर वा अन्य विवरण छाप्ने, प्रचारप्रसार गर्ने वा सार्वजनिक रूपमा प्रकट गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।" **मूल ऐनको दफा १५ को उपदफा (६) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (७) र (८) को सट्टा देहायको उपदफा (७) र (८) राख्नुपर्नेः-** "(७) दफा ४ को उपदफा (२) र (३) बमोजिमको कसुर गर्ने व्यक्तिलाई सात वर्षदेखि दश वर्षसम्म कैद र तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना हुनेछ। (८) आर्थिक लेनदेन गरी अन्तरदेशीय धर्मपुत्र, धार्मिक शिक्षा, बाल संरक्षण र वैदेशिक रोजगारका नाउँमा दफा ४ बमोजिमको कसुर गर्ने व्यक्ति वा संस्थालाई यस दफामा लेखिएको सजायको अतिरिक्त थप १० प्रतिशत सजाय हुनेछ।"

८०.	मा. सुशील खड्का	११	<u>विधेयकको दफा ११ को सट्टा देहायको दफा ११ राख्नुपर्ने</u>ः- "११. <u>मूल ऐनको दफा १५ मा संशोधन</u> : मूल ऐनको दफा १५ को,- (१) उपदफा (१) को सट्टा देहाय बमोजिमको उपदफा (१) राखिएको छ :- (१) दफा ३ बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहायबमोजिम सजाय हुनेछ :- (क) मानिस किन्ने वा बेच्नेलाई आजीवन कैद र चार करोड रुपैयाँ जरिबाना, (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्राअनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र एक करोड रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म जरिबाना, (ग) प्रचलित कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्नेलाई दश वर्ष कैद र ५० लाख रुपैयाँदेखि १ करोड रुपैयाँसम्म जरिबाना, (घ) वेश्यागमन गर्नेलाई दुई वर्षदेखि छ वर्षसम्म कैद र पचास लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म जरिबाना, (ङ) किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देयले कुनै मानिसलाई,- (१) विदेश लैजाने वा विदेशबाट ल्याउनेलाई १५ वर्षदेखि २० वर्षसम्म कैद र एक करोड रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म जरिबाना र बालबालिकालाई विदेश लैजाने वा विदेशबाट ल्याउनेलाई २० वर्षसम्म कैद र दुई करोड रुपैयाँदेखि चार करोड रुपैयाँसम्म जरिबाना," (२) नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई १० वर्षदेखि १५ वर्षसम्म कैद र एक करोड रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म जरिबाना र बालबालिकालाई त्यसरी लैजानेलाई २० वर्षसम्म कैद र दुई करोड रुपैयाँदेखि तीन करोड रुपैयाँसम्म जरिबाना,"

८१.	मा. नितिमा भण्डारी (कार्की)		(च) शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई १० वर्षदेखि १५ वर्षसम्म कैद र ५० लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म जरिबाना र विदेश लगेको भए १५ वर्षदेखि २० वर्षसम्म कैद र एक करोड रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म जरिबाना, (छ) खण्ड (ङ) र खण्ड (च) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख), (ग) वा (घ) बमोजिमको कसुर गर्नेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र एक करोड रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म जरिबाना, (ज) मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरुत्साहन, षडयन्त्र वा उद्योग गर्नेलाई वा त्यस्तो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको पुरा सजाय।" (२) उपदफा (६) पछि देहायका उपदफा (७) र (८) थपिएका छन् :- (७) दफा २५ विपरीत पीडितको वास्तविक नाम, तस्विर वा अन्य विवरण कुनैपनि माध्यमबाट छाप्ने, प्रचारप्रसार गर्ने वा सार्वजनिक रूपमा प्रकट गर्ने व्यक्तिलाई पाँच वर्षदेखि सात वर्षसम्म कैद वा पचास लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। (८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २५ विपरीत पीडित बालबालिकाको वास्तविक नाम, तस्विर वा अन्य विवरण छाप्ने, प्रचार प्रसार गर्ने वा सार्वजनिक रूपमा प्रकट गर्ने व्यक्तिलाई तीन वर्षदेखि पाँच वर्षसम्म कैद वा एक करोड रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
८२.	मा. भुमिका श्रेष्ठ	११	**<u>मूल ऐनको दफा १५ को उपदफा (१) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) मा देहायको खण्ड (झ) थप गर्नुपर्ने</u>:-** "(झ) माथि जुनसुकै कुरा लेखिएको भए तापनि लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्ति वा बालबालिका वा अपाङ्गता भएका व्यक्ति वा ज्येष्ठ नागरिकलाई दफा ३ बमोजिमको कसुर गरेको रहेछ भने खण्ड (क) देखि खण्ड (च) मा उल्लेख भएको सजायमा दोब्बर हुनेछ।"
८३.	मा. समिक्षा बास्कोटा	११	**<u>मूल ऐनको दफा १५ को उपदफा (१) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को,-</u>** **<u>खण्ड (ख) मा रहेको,</u>** - "वेश्यावृत्तिमा" भन्ने शब्दको सट्टा "यौनजन्य क्रियाकलापमा" भन्ने शब्दहरू राखुपर्ने। - "दुई लाख रूपैयाँसम्म" भन्ने शब्दहरूका सट्टा "पाँच लाख रूपैयाँसम्म" भन्ने शब्दहरू राखुपर्ने। **<u>खण्ड (ङ) को उपखण्ड (१) मा रहेका,</u>** - "चार लाख रूपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूका सट्टा "पाँच लाख रूपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राखुपर्ने। **<u>खण्ड (च) मा रहेका,</u>** - "एक वर्षदेखि दुई वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूका सट्टा "पाँच वर्ष कैद र दुई लाख रूपैयाँ जरिबाना" भन्ने शब्दहरू र "दुई वर्षदेखि पाँच वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूका सट्टा "पाँच वर्षसम्म कैद र तीन लाख रूपैयाँ जरिबाना" भन्ने शब्दहरू राखुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
८४.	मा. रमेश कुमार मल्ल	११	<u>मूल ऐनको दफा १५ को उपदफा (१) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को खण्ड (ख), (ग) र (घ) मा रहेको,</u> - "वेश्यावृत्ति" भन्ने शब्दको सट्टा "यौनकार्य" भन्ने शब्द राख्नुपर्ने।
८५.	मा. गीता गुरुङ	१२	<u>मूल ऐनको दफा १७ को,-</u> <u>उपदफा (१क) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (१ख) मा रहेका,</u> - "बालबालिकाको उच्चतम हित" भन्ने शब्दहरू पछि "र आवश्यकता (उमेर, पढाइ र पारिवारिक अवस्था)" भन्ने शब्दहरू थप गर्नुपर्ने। <u>उपदफा (२) मा रहेका,</u> - "निजको नाबालक छोरा छोरीलाई र त्यस्ता छोरा छोरी नभए निजमा आश्रित बाबु आमालाई" भन्ने शब्दहरूका सट्टा "प्रचलित कानुन बमोजिमको निजको नजिकको हकवालालाई" भन्ने शब्दहरू राख्नुपर्ने। <u>उपदफा (३) पछि देहायको उपदफा (४), (५) र (६) थप गर्नुपर्नेः</u>- "(४) दफा (८) का कसुरबाट पीडित व्यक्तिले कसुरदारलाई कसुरको मुद्दा परेको भए सो पीडितले निज स्वयं वा निजका हकवालाले देहायको दाबी गर्न सक्ने छन्। (५) उपदफा (४) बमोजिमको दाबी पनि भएमा जिल्ला अदालतले साक्षी प्रमाण बुझी निजले बुझाएको रकममा थप पचास प्रतिशत हर्जनासहितको रकम कसुरदारबाट असुल गरी पीडितलाई भराई दिनु पर्नेछ। (६) उपदफा (५) बमोजिम हर्जना अतिरिक्त पीडित व्यक्तिको मनासिव माफिकको यातायात खर्च, बसोबास खर्च, खाना खर्च र स्वास्थ्य उपचारको खर्च समेत अदालतले दिलाई भराई दिनु पर्नेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
८६.	मा. गणेश बहादुर विश्वकर्मा	१२	**<u>मूल ऐनको दफा १७ को उपदफा (२) मा रहेका,</u>** - "निजको नाबालक छोराछोरीलाई" भन्ने शब्दहरूका सट्टा "निजको दम्पत्ती र त्यस्तो पति वा पत्नी नभएमा निजको सन्तानलाई" भन्ने शब्दहरू राखुपर्ने। **<u>मूल ऐनको दफा १७ को उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्नेः-</u>** "(३) मानव बेचबिखनबाट प्रभावित व्यक्तिले कसुरदारलाई कुनै रकम बुझाएको भए सो विगो दिलाई पाउन निज स्वयम्ले वा निजका हकवालाले देवानी दाबी गर्न सक्ने छन्। (४) यस्तो दाबी पर्न आएमा जिल्ला अदालतले साक्षी प्रमाण बुझी निजले बुझाएको रकममा थप पचास प्रतिशत हर्जनासहितको रकम कसुरदारबाट असुल गरी पीडितलाई भराई दिनुपर्छ।"
८७.	मा. रेनुका काउँचा मा. पवित्रा बि.क. मा. मदन कृष्ण श्रेष्ठ मा. डा. प्रमिला कुमारी गछदार	१२	**<u>मूल ऐनको दफा १७ को उपदफा (१क) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (१ख) पछि देहायको उपदफा (१ग) थप गर्नुपर्नेः-</u>** "(१ग) उपदफा (१) बमोजिमको क्षतिपूर्ति पीडकबाट असुलउपर हुन नसकेको अवस्थामा वा त्यस्तो रकम प्राप्त हुन लामो समय लाग्ने भएमा पीडितलाई तोकिएबमोजिम पुनर्स्थापना कोषबाट अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउन सकिनेछ र त्यस्तो रकम पछि पीडकबाट असुलउपर गरी कोषमा जम्मा गरिनेछ।"
८८.	मा. सुशील खड्का	१२	**<u>विधेयकको दफा १२ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखुपर्नेः-</u>** "(३) उपदफा (२) मा रहेका "निजको नावालक छोरा वा छोरीलाई" भन्ने शब्दहरूका सट्टा "निजको पति वा पत्नीलाई र त्यस्तो पति वा पत्नि नभए निजको छोरा वा छोरीलाई, निजको पति वा पत्नि तथा छोरा वा छोरी नभए पीडितको आमा वा बुवालाई" भन्ने शब्दहरू राखिएका छन्।"
८९.	मा. नितिमा भण्डारी (कार्की)		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
९०.	मा. भुमिका श्रेष्ठ	१२	<u>मूल ऐनको दफा १७ को उपदफा (२) मा रहेका,</u> - "नाबालक छोराछोरी" भन्ने शब्दहरूका सट्टा "नाबालक सन्तान" भन्ने शब्दहरू राखुपर्ने।
९१.	मा. रमेश कुमार मल्ल	१२	<u>विधेयकको उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखुपर्नेः-</u> "(३) उपदफा (२) मा रहेका "निजको नावालक छोरा छोरीलाई" भन्ने शब्दहरूका सट्टा "निजको दम्पत्ती र त्यस्तो पति वा पत्नी नभएमा निजको सन्तानलाई" भन्ने शब्दहरू राखिएका छन्।" <u>मूल ऐनको दफा १७ को उपदफा (३) पछि देहायको उपदफा (४) र (५) थप गर्नुपर्नेः-</u> "(४) मानव बेचबिखनबाट पीडित व्यक्तिले कसुरदारलाई कुनै रकम बुझाएको भए सो बिगो दिलाई पाउन निज स्वयम् वा निजको हकवालाले देवानी दाबी गर्न सक्नेछन्। (५) यस्तो दाबी पर्न आएमा जिल्ला अदालतले साक्षी प्रमाण बुझी निजले बुझाएको रकममा थप पचास प्रतिशत हर्जानासहितको रकम कसुरदारबाट असुल गरी पीडितलाई भराई दिनु पर्दछ।"
९२.	मा. पार्वती वि.क. मा. भीम कुमारी बुढामगर मा. निराशा चौधरी (डगौरा)		<u>मूल ऐनको दफा १७ मा रहेको,</u> "जरिबानाको पचास प्रतिशत" भन्ने शब्दहरूका सट्टा "जरिबानाको शतप्रतिशत राज्य कोषबाट भराउने पीडकसँग स्रोत नभएमा" भन्ने शब्दहरू थप गर्नुपर्ने।
९३.	मा. लिमा अधिकारी (आचार्य)	१४	<u>विधेयकको दफा १४ को अन्त्यमा देहाय बमोजिमका शब्दहरू थप गर्नुपर्नेः-</u> - "र सोही उपदफा (१) मा रहेका "पुर्नस्थापना गर्ने सम्बन्धी कार्यमा" भन्ने शब्दहरूपछि "तथा सुरक्षित पुनःएकीकरण र सामाजिक पुनःसमायोजनका लागि लक्षित कार्यक्रम सञ्चालन गर्न" भन्ने शब्दहरू थपिएका छन्।"
९४.	मा. भुमिका श्रेष्ठ	१४	<u>मूल ऐनको दफा २३ को उपदफा (१) मा रहेका,</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
			- "आवश्यकताअनुसार जिल्ला समिति गठन गर्न सक्नेछ" भन्ने शब्दहरूका सट्टा "प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला समिति गठन गर्नेछ।" भन्ने शब्दहरू राख्नुपर्ने।
९५.	मा. गीता गुरुङ	१५	<u>मूल ऐनको दफा २३ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको,</u> <u>दफा २३ख. मा ठाउँठाउँमा रहेका,</u> - "स्थानीय समिति" भन्ने शब्दहरूका सट्टा "पालिका स्तरीय समिति" भन्ने शब्दहरू राख्नुपर्ने। <u>दफा २३ख. को उपदफा (२) मा रहेका,</u> - "स्थानीय समिति" भन्ने शब्दहरूका सट्टा "पालिका स्तरीय समिति" भन्ने शब्दहरू राख्नुपर्ने।
९६.	मा. भुमिका श्रेष्ठ	१६	<u>मूल ऐनको दफा २५ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा २५ को उपदफा (१) मा रहेका,</u> - "कसैले पीडितको" भन्ने शब्दहरूपछि "लिखित" भन्ने शब्द थप गर्नुपर्ने।
९७.	मा. गणेश कार्की	१६	<u>मूल ऐनको दफा २५ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा २५ मा देहायको उपदफा (३) थप गर्नुपर्नेः-</u> "(३) उपदफा (१) विरूद्धमा कसुर गर्नेलाई दफा १५ को उपदफा (७) र (८) अनुसार सजाय हुनेछ।"
९८.	मा. हर्क राज राई मा. आरेन राई	१८	<u>मूल ऐनको दफा २७ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २७क. को उपदफा (१) मा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u> - "खुला सिमानाहरूमा कडा गर्दै Visa System लागु गर्ने।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
९९.	मा. रेनुका काउँचा मा. पवित्रा बि.क. मा. मदन कृष्ण श्रेष्ठ मा. डा. प्रमिला कुमारी गछदार	१८	<u>मूल ऐनको दफा २७ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २७क. को उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्ने:-</u> "(२) उपदफा (१) बमोजिमको निगरानी तथा सूचना सङ्कलन गर्दा व्यक्तिको गोपनीयता, मानव अधिकार, गैरभेदभाव तथा प्रचलित कानुनबमोजिम व्यक्तिगत विवरणको संरक्षणसम्बन्धी व्यवस्था पालना गर्नु पर्नेछ। कुनै व्यक्तिलाई मानव बेचबिखन वा ओसारपसारमा संलग्न भएको शङ्काको आधारमा मात्र पक्राउ गर्ने, थुनामा राख्ने वा अन्य प्रतिबन्ध लगाइने छैन।"
१००.	मा. गणेश बहादुर विश्वकर्मा	१८	<u>मूल ऐनको दफा २७ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २७क. को उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थप गर्नुपर्ने:-</u> "(३) बेचबिखन तथा ओसारपसार भएको वा हुनसक्ने आधार देखेमा वा शङ्का लागेमा सीमा निगरानी गर्ने अधिकार प्राप्त व्यक्तिले शङ्कास्पद व्यक्तिको परिचयपत्र जाँच गर्ने, फोटो लगायत अन्य अभिलेख राख्नु पर्नेछ। नाकाहरूमा नियमनका लागि सरकारी निकायले गैर सरकारी संस्थाहरूसंग समन्वय र सहकार्य गर्न सक्नेछ। (४) यस ऐन अन्तर्गतको कसुर सम्बन्धी मुद्दाको कारबाहीको लगातार सुनुवाइ गरिनेछ।"
१०१.	मा. निशा डाँगी	१८	<u>मूल ऐनको दफा २७ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २७क. मा देहायको उपदफा (३) थप गर्नुपर्ने:-</u> "(३) उपदफा (१) बमोजिमको निगरानी गर्न खटिने अधिकारीलाई मानव बेचबिखन वा ओसारपसारको पहिचान, पीडित संरक्षण तथा सम्बन्धित निकायमा पठाउने विषयमा आवश्यक तालिम प्रदान गर्नु पर्नेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
१०२.	मा. सुशील खड्का	१८	<u>मूल ऐनको दफा २७ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २७क. को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्नेः-</u> "(१) नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसारको रोकथाम र नियन्त्रणका लागि खुला सीमामा निगरानी बढाउने, सीमावर्ती क्षेत्र तथा अन्तर्राष्ट्रिय विमानस्थलमा प्रभावकारी निगरानीको व्यवस्था गर्ने र छिमेकी राष्ट्रसँग द्विपक्षीय सहकार्य सुदृढ गर्नेछ। वैदेशिक रोजगारीको प्रक्रियालाई सुरक्षित, व्यवस्थित तथा पारदर्शी बनाउन सम्बन्धित निकायबिच आवश्यक समन्वय गर्नेछ। सीमावर्ती क्षेत्र तथा श्रम आप्रवासनसँग सम्बन्धित क्षेत्रमा प्रभावकारी स्क्रिनिङ तथा अभिलेख राख्ने प्रणाली स्थापना तथा सञ्चालन गर्ने, जोखिमयुक्त समूहको पहिचानका लागि आवश्यक मापदण्ड विकास गरी लागु गर्ने तथा मानव बेचबिखन तथा ओसारपसारको रोकथाम र नियन्त्रणका लागि अन्तरजिल्ला तथा अन्तरप्रदेश समन्वयको व्यवस्था गर्न सक्नेछ। बालबालिकामाथि यौन शोषण वा यौन अपराधमा दोषी ठहरिएको व्यक्तिको हकमा, पुनःअपराधको जोखिम तथा सार्वजनिक सुरक्षालाई ध्यानमा राखी प्रचलित कानुनबमोजिम विद्युतीय निगरानी उपकरण प्रयोग गर्न सकिनेछ। त्यस्तो उपकरणको प्रयोग, निगरानी, अवधि तथा सम्बन्धित व्यक्तिको आवागमनमा लगाइने आवश्यक प्रतिबन्धसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।"
१०३.	मा. नितिमा भण्डारी (कार्की)		
१०४.	मा. भुमिका श्रेष्ठ	१८	<u>मूल ऐनको दफा २७ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २७क. को उपदफा (१) मा रहेका,</u> - "अन्तर्राष्ट्रिय विमानस्थल" भन्ने शब्दहरूपछि "आन्तरिक विमानस्थल र यात्रुहरू भित्रिने र बाहिरिने मुख्य मुख्य नाकाहरू" भन्ने शब्दहरू थप गर्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
१०५.	मा. रेनुका काउँचा मा. पवित्रा बि.क. मा. मदन कृष्ण श्रेष्ठ मा. डा. प्रमिला कुमारी गछदार	१९	<u>मूल ऐनको दफा २९ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २९क. मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने:-</u> "तर त्यस्तो निर्देशिका वा मापदण्डले यस ऐनबमोजिम पीडितलाई प्राप्त हुने अधिकार, संरक्षण वा उपचारलाई सीमित गर्ने गरी व्यवस्था गर्न सकिने छैन।"
१०६.	मा. भरत प्रसाद पराजुली	१९	<u>मूल ऐनको दफा २९ पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको २९क. मा रहेका,</u> - "मन्त्रालयले आवश्यकता अनुसार निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ" भन्ने शब्दहरूपछि "साथै प्रदेश सरकार र स्थानीय सरकारले समेत सोही अनुरूप निर्देशिका र मापदण्ड बनाई लागु गर्न सक्नेछन्।" भन्ने शब्दहरू थप गर्नुपर्ने ।
१०७.	मा. समिक्षा बास्कोटा	१९	<u>मूल ऐन र विधेयकको ठाउँठाउँमा रहेका,</u> - "अनुसार निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।" भन्ने शब्दहरूका सट्टा "मापन गरी चाहिने निर्देशिका वा मापदण्ड यथाशीघ्र बनाउनु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
१०८.	मा. सुलभ खरेल	-	<u>मूल ऐन र विधेयकको ठाउँ ठाउँमा रहेको:</u> - "वेश्यागमन" भन्ने शब्दको सट्टा "व्यावसायिक यौन सेवाको प्राप्त गर्नेलाई" भन्ने शब्द प्रयोग गर्ने र "वेश्यावृत्ति" भन्ने शब्दको सट्टा "स्वेच्छाले व्यावसायिक यौन सेवा प्रदान गर्ने" भन्ने शब्दहरू राख्नुपर्ने।
१०९.	मा. निशा डाँगी	-	<u>मूल ऐन र विधेयकको ठाउँठाउँमा रहेका,</u> - "वेश्यावृत्ति" भन्ने शब्दको सट्टा "व्यावसायिक यौन शोषणमा लगाउने" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा/प्रस्तावना	संशोधनको बेहोरा
११०.	मा. मनिष झा	-	<u>मूल ऐन र विधेयकको ठाउँठाउँमा रहेका,</u> - "वेश्यावृत्ति" भन्ने शब्दको सट्टा "व्यावसायिक यौन शोषण" भन्ने शब्दहरू राखुपर्ने।
१११.	मा. भुमिका श्रेष्ठ	-	<u>मूल ऐन र विधेयकको ठाउँठाउँमा रहेका,</u> - "वेश्यावृत्ति" भन्ने शब्दको सट्टा "यौनजन्य कार्य" भन्ने शब्दहरू राखुपर्ने ।

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूका अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. १११ सम्मका संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख